हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८१/०८२) वैठक नं.

आज मिति २०८१ साल फागुन २ गते शुक्रवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८१।११।०२

**मिति २०८१/११/०२ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।

२. समपुरक र विशेष कोषको कार्यक्रम छनौट सम्बन्धमा ।

३. घर नक्सा पास सम्बन्धी सफ्टवेयर प्रणाली जडान सम्बन्धमा ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

५. तेहौं नगर सभाबाट स्वीकृत भएका केही योजना तथा बजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले श्रीमान् नगर प्रमुख मार्फत पेश भएका अनुसुची-१ मा उल्लेखित योजना/बजेटहरु संशोधन तथा परिमार्जन गर्ने सम्वन्धमा ।

६. तेहौं नगर सभाबाट स्वीकृत भएका केही योजना तथा बजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले सम्बन्धित वडाका वडाध्यक्ष मार्फत पेश भएका अनुसुची-२ मा उल्लेखित योजना/बजेटहरु संशोधन तथा परिमार्जन गर्ने सम्वन्धमा ।

७. लेखा समिति गठन र संचालन नियमावली, २०८१ सम्वन्धमा ।

८. भलिवल प्रतियोगिताको रकम विनियोजन सम्वन्धमा ।

९. हरिपुर नगरपालिकाको आय ठेक्का कार्यविधि, २०८१ सम्वन्धमा ।

१०. हरिपुर नगरपालिकाको कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०८१ सम्वन्धमा ।

११. डोर हाजिरीमा काम काज गराउने कर्मचारीलाई अनुमोदन गर्ने सम्वन्धमा ।

१२. नसर्ने रोग पहिचानका लागि अभियान संचालन गर्ने सम्वन्धमा ।

१३. नगरपालिकाको प्रतिक चिन्ह (लोगो) सम्वन्धमा ।

१४. रोजगार कार्यक्रम अनुमोदन गर्ने सम्वन्धमा ।

१५. वकिलको पारिश्रमिक भुक्तानी सम्वन्धमा ।

१६. महिला फिडर छात्रावास सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

१७. स्वास्थ्य इकाई केन्द्र भवनको जग्गा सम्वन्धमा ।

१८. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा देहाय अनुसारको समपुरक योजना तथा बिशेष अनुदान सम्वन्धीको योजना संघीय तथा प्रदेशसँग माग गर्ने निर्णय गरियो ।

क. आगामी आ.व. २०८२/०८३ को लागी समपुरक अनुदान सम्वन्धी कार्यविधि २०८१ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।११।०२

संघीय सरकारसँग माग गर्ने योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | श्री जनता अधारभूत विद्यालय सखुवा टोल | हरिपुर-२ सर्लाही | १०००००००।०० |
| २ | स्वास्थ्य चौकी पिडारीमा भवन निर्माण | हरिपुर-९, सर्लाही | डिपिआरमा उल्लेख भए बमोजिमको बजेट |
| ३ | गढीमाई माई मन्दिर | हरिपुर-२, सर्लाही | |
| ४ | चिताइन चिल्ड्रेन पार्क, पिकनीक स्पोर्टस र चिताईन मन्दिर निर्माण | हरिपुर-७, सर्लाही | |
| ५ | लखनदेही खोलामा झुलुंगे पुल निर्माणा | हरिपुर-१, सर्लाही | |
| ६ | वडा नं १ कृषि बजार ब्यवस्थापन | हरिपुर-१, सर्लाही | |

ख. आगामी आ.व. २०८२/०८३ को लागी विशेष अनुदान सम्वन्धी कार्यविधि २०८१ वमोजिम तपसिल वमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

संघीय सरकारसँग माग गर्ने योजना

| क्र.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | कृषक समूहका लागि डिप ट्युवेल सिंचाई | नगरभरी हरिपुर नगरपालिका | लागत अनुमान अनुसार |
| २ | विद्यालयको फर्निचर शैक्षिक सामग्री कम्प्युटर र डिजिटल बोर्ड प्रयोगशाला उपकरण पुस्तकाल | | |
| ३ | कृषि उपकरण | | |

मिति २०८१।११।०२

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिकामा घर नक्सा पास सम्वन्धी सफ्टवेयर जडान गर्न यस नगरपालिको आ.व. २०८१।०८२ को तेह्रौ नगरसभाको पेज नं. ४४ सि.नं. ३२ मा सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च शिर्षक नं. २२४१२ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकमबाट उक्त सफ्टवेयर जडान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ब्रह्मस्थान मन्दिरको दैनिक पुजा पाठ (पुजारी भिखारी राउत कुर्मी) | ८ | हरिपुर | ब्रह्मस्थान मन्दिरको दैनिक पुजा पाठ | २०८१।१०।२० | २०८१।१०।२० च.नं. ४७३ | ६०००।०० |
| २ | सरजुक बहादुर भुजेल (मृतक शान्ता भुजेल) | ८ | हरिपुर | क्रिया खर्च | २०८१।०६।०१ | २०८१।१०।२२ च.नं. ४८१ | ६०००।०० |
| ३ | रामबाबु सार्की (मृतक भगवती भुजेल) | १ | हरिपुर | क्रिया खर्च | २०८१।१०।०८ | २०८१।१०।१८ च.नं. ८०२ | ६०००।०० |
| ४ | भिखन महरा | १ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।१०।०८ | २०८१।१०।१८ च.नं. ८०१ | ६०००।०० |
| ५ | मोहमद ईस्लाम अंसारी | १ | हरिपुर | उखुमा आगलागी | | २०८१।१०।१४ च.नं. ८५ इलाका प्रहरी कार्यालय मुर्तियाको पत्र | ६०००।०० |
| ६ | नेपाल भुतपुर्वक सैनिक संघ | | सर्लाही | जिल्ला सम्मेलन | | २०८१।१०।१७ | ६०००।०० |
| ७ | नेपाल निजामती कर्मचारी संगठन | | सर्लाही | राष्ट्रिय अधिवेशन | | २०८१।१०।२२ च.नं. ११ | १००००।०० |
| ८ | बहिरा विकास संघ | | सर्लाही | राष्ट्रिय बहिरा फुटवल प्रतियोगितामा भाग लिन | | २०८१।१०।२८ | ६०००।०० |
| ९ | सदावृक्ष कुमर दनुवार | २ | हरिपुर | टायर गाडीको परालमा आगो लागेको | २०८१।१०।३० | २०८१।१०।२० च.नं. ११२२ | १००००।०० |

मिति २०८१।११।०२

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | नवल किशोर ठाकुर | ८ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।०७।२७ | २०८१।११।०२ च.नं. ५२९ | ६०००।०० |
| ११ | मोदन हजारा (बिमारी मधु पासवान) | ८ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।०८।०२ | २०८१।१०।२१ च.नं. ४७८ | ६०००।०० |
| १२ | अलाउदिन मंसुर | ५ | हरिपुर | स्वास्थ्य उपचार | | २०८१।१०।२२ च.नं. ७१६ | ६०००।०० |
| १३ | राम असिस दुसाध | २ | हरिपुर | स्वास्थ्य आँखा उपचार | २०८१।१०।१९ | २०८१।११।०१ च.नं. ११५३ | ६०००।०० |
| १४ | हरिहर माई मन्दिर | १ | हरिपुर | मन्दिर रंगरोगन | २०८१।११।१ | २०८१।११।०२ च नं ८८७ | ६०००।०० |

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिकामा तेह्रौं नगर सभाबाट स्वीकृत भएका केही योजना तथा बजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले श्रीमान् नगर प्रमुख मार्फत पेश भएका अनुसुची-१ मा उल्लेखित योजना/बजेटहरु संशोधन तथा परिमार्जन गरी १४ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिकामा तेह्रौं नगर सभाबाट स्वीकृत भएका केही योजना तथा बजेटहरु नगरपालिकाको आवश्यकताको आधारमा संशोधन तथा परिमार्जन गर्नुपर्ने भएकोले सम्बन्धित वडाका वडाध्यक्ष मार्फत पेश भएका अनुसुची-२ मा उल्लेखित योजना/बजेटहरु संशोधन तथा परिमार्जन गरी १४ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत लेखा समिति गठन र संचालन नियमावली, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालयको प.सं. २०८१।०८२, च.नं. ७०२, मिति २०८१।१०।१८ गतेको प्राप्त पत्रानुसार श्री लक्ष्मीनाथ युवा क्लव, हरिपुर न.पा.-७, चिताइन, सर्लाहीले महाशिव रात्रीको अवसरमा प्रतेयक वर्ष अन्तर प्रदेश स्तरीय भलिवल प्रतियोगिता आयोजना हुँदै आइरहेकोमा यस वर्ष मिति २०८१ फागुन १४ गते देखि महाशिवरात्री मेला तथा चिताईन मेला संचालन हुने भएकोले उक्त अवसरमा भलिवल अन्तर प्रदेशीय प्रतियोगिता संचालन गर्न यस नगरपालिको आ.व. २०८१।०८२ को तेहौ नगरसभाको पेज नं. ४६ सि.नं. ९३ मा महाशिवरात्री पर्वको अवसरमा हुने भलिवल प्रतियोगिता खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ३,००,०००।०० विनियोजन भएको रकमबाट उक्त अन्तर प्रदेशीय भलिवल प्रतियोगिता यस नगरपालिका कार्यालयको शिक्षा शाखासँग समन्वय गरी प्रतियोगिता संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस हरिपुर नगरपालिका आय ठेक्का कार्यविधि, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

मिति २०८१।११।०२

प्रस्ताव नं. १० मा छलफल गर्दा यस हरिपुर नगरपालिकाको कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०८१ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा सम्पादन चुस्त दुरुस्त र अझवढी ब्यवस्थित गर्न देहायको जनशक्ती थप गरी सेवा प्रवाह गुणस्तरीय हुने भएकोले दैनिक ज्यालादारी अन्तर्गत डोर हाजिरीमा कार्यालयमा कार्यालय सहयोगीमा नगरपालिका कार्यालयको मिति २०८१।१०।२७ गतेको निर्णयानुसार हरिपुर नगरपालिका वडा नं. ७ बस्ने श्री राजेश चौधरी र हरिपुर नगरपालिका वडा नं. ४ बस्ने श्री पिंकी कुमारीलाई मिति २०८१।१०।२७ गते देखि यस कार्यालयमा खटाई रहेकोले उक्त कार्यालय सहयोगीहरुलाई दैनिक ज्यालादारी अन्तर्गत डोर हाजिरीमा काम काज गरिरहेकोलाई अनुमोदन गर्ने निर्णय गरियो

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस नगरपालिकामा नसर्ने रोग पहिचानका लागि अभियान संचालन गर्नेका लागि आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग टेकु काठमाण्डौको प.सं. २०८१।०८२, च.नं. ३९३, मिति २०८१।१०।२९ गतेको प्राप्त पत्रानुसार नसर्ने रोग पहिचानका लागि अभियान संचालन गर्नेका लागि यस नगरपालिका कार्यालय अन्तर्गत पिडारी आयुर्वेद शाखाबाट संचालन हुने गरी यस नगरपालिको आ.व. २०८१।०८२ को तेह्रौ नगरसभाको पेज नं. ४७ सि.नं. ९९ मा विविध कार्यक्रम खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ५,००,०००। विनियोजन भएको रकम मध्येबाट रकम रु. १,००,०००।०० खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयबाट मिति २०८०।०२।२४ गते नगरपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्वन्धी सूचना प्रकाशन भई सूचनामा उल्लेख भएको समयावधी भित्र पेश भएका प्रतिक चिन्हहरुलाई मुल्यॉकन तथा छनौटको लागि प्रक्रिया अगि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकामा कामका लागी पारिश्रमीकमा अधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना (प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८१।०८२ को लागी स्थानीय निर्देशक समितिको विभिन्न मितिको वैठकबाट निर्णय भई आए बमोजिमको बजेट तथा कार्यक्रमको देहाय अनुसारको ब्रेक डाउन अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।११।०२

| क.स. | वडा नम्बर | योजनाको नाम | श्रोत | बजेट |
|---|---|---|---|---|
| १ | १ | वडा नं.१ भित्र कुलो निर्माण तथा मर्मत संभार | काम का लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना | २८०५६० |
| २ | २ | वडा नं.२ भित्र कुलो निर्माण तथा मर्मत संभार | काम का लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना | २६०५२० |
| ३ | ३ | वडा नं.३ भित्र सडक निर्माण तथा मर्मत संभार | युवा रोजगारी का लागि रुपान्तरण पहल आयोजना | ३६७४०० |
| ४ | ४ | वडा नं.४ भित्र सडक निर्माण तथा मर्मत संभार | युवा रोजगारी का लागि रुपान्तरण पहल आयोजना | २६७२०० |
| ५ | ५ | वडा नं.५ भित्र सडक निर्माण तथा मर्मत संभार | युवा रोजगारी का लागि रुपान्तरण पहल आयोजना | ३६७४०० |
| ६ | ६ | वडा नं.६ भित्र सडक निर्माण तथा मर्मत संभार | काम का लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना | ५६११२० |
| ७ | ७ | वडा नं.७ भित्र सडक निर्माण तथा मर्मत संभार | युवा रोजगारी का लागि रुपान्तरण पहल आयोजना | ३३४००० |
| ८ | ८ | वडा नं.८ भित्र सडक र कुलो निर्माण तथा मर्मत संभार | काम का लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना | ६०७८८० |
| ९ | ९ | वडा नं.९ भित्र सडक र कुलो निर्माण तथा मर्मत संभार | काम का लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना | ६५४६४० |

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ३ स्थित श्री जनता मा.वि. फरहदवाको वि.व्य.स. समिति गठनको सन्दर्भमा विद्यालय र यस कार्यालयलाई जोडी उच्च अदालत जनकपुरमा परेको मुद्दामा नगरपालिकाको पक्षबाट खटिएको कानुन व्यवसायीलाई पारिश्रमिक वापतको रकम यस नगरपालिकाको तेह्रौं नगर सभाद्वारा पारित नगर विकास योजनाको ब.उ.शी.नं. ८०२१९४०९१०१ चालुगत खर्च शीर्षक नं. २२७११ मा रहेको विविध खर्च शीर्षकमा विनियोजन भएको रकम रु १५,००,०००।०० बाट रकम रु. ५०,०००।०० ( अक्षरेपी रु. पचास हजार मात्र ।) भुक्तानी दिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा हरिपुर नगरपालिका वडा नं. २ स्थित श्री महावीर जनता माअन्तर्गत .वि. सञ्चालनमा रहेको महिला फिडर छात्रावासर समाहित शिक्षा अन्तर्गत दृष्टिविहीन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि विद्यालयले छात्रावास सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ र महिला फिडर छात्रावास विद्यार्थी भर्ना प्रकृया सम्बन्धि कार्यविधि, २०८१ निर्माण गरी यस कार्यालयमा मिति २०८१/१०/२८ गतेमा स्वीकृतिको लागि पेश गरेको हुँदा उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. १७ मा छलफल गर्दा यस नगरपालिका वडा नं. १ मा स्वास्थ्य इकाई केन्द्र भवन निर्माणको लागि तराई मधेश समृद्धी कार्यक्रम संग आ.व. २०८१।०८२ मा माग गर्ने मिति २०८०।०९।१८ गते नगर कार्यपालिकामा निर्णय भएको र सो स्वास्थ्य इकाई केन्द्र भवन निर्माण तहाँ कार्यक्रमबाट स्वीकृत भएको हुँदा सो निर्माण गर्न १ नं. वडा कार्यालयको प.सं. २०८१।०८२, च.नं. ८८५, मिति २०८१।११।०२ गते प्राप्त पत्रानुसार हरिपुर नगरपालिका वडा नं. १ को बिच टोलमा स्वास्थ्य इकाई केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।